apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१





● वर्षः १२ ● अंकः १८० ● पृष्ठः ४ ● ०१ साउन २०८३ शुक्रबार (17 July 2026, Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## सिरहामा हतियार र लागूऔषधविरुद्ध प्रहरीको कारबाही, भारतीय नागरिकसहित चार पक्राउ





**अपन दैनिक संवाददाता**
**सिरहा, असार ३२ गते**

सिरहा प्रहरीले अवैध हतियार तथा लागूऔषध नियन्त्रण अभियानअन्तर्गत छुट्टाछुट्टै कारबाहीमा एक भारतीय नागरिकसहित चार जनालाई पक्राउ गरेको छ। पक्राउ परेकामध्ये एकजनाबाट कटुवा पेस्तोल र गोली बरामद भएको छ भने अन्य तीन जना ब्राउनसुगरजस्तो देखिने पदार्थसहित नियन्त्रणमा परेका हुन्।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार सिरहा नगरपालिका-७ मा नियमित चेकजाँचका क्रममा भारतको नम्बर प्लेट BR07AZ4215 भएको मोटरसाइकलमा सवार भारत निवासी करिब २६ वर्षीय रोशनकुमार यादवलाई पक्राउ गरिएको हो। मोटरसाइकलमा लुकाइछिपाई राखिएको अवस्थामा एक थान कटुवा पेस्तोल र दुई राउन्ड गोली बरामद भएको प्रहरीले जनाएको छ। बरामद गरिएको हतियार, गोली तथा मोटरसाइकल नियन्त्रणमा लिई यादवमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

यसैबीच, सिरहा नगरपालिका-१७ माडरस्थित इलाका प्रहरी कार्यालयबाट खटिएको गस्ती टोलीले भारतबाट पैदल नेपाल प्रवेश गर्दै गरेका सिन्धुलीको कमलामाई नगरपालिका-६ निवासी करिब ४४ वर्षीय महेशकुमार थापालाई ब्राउनसुगरजस्तो देखिने पदार्थसहित पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार शंकास्पद अवस्थामा रहेका थापामाथि खानतलासी गर्दा उनको पाइन्टको खल्तीबाट प्लास्टिकबाहेक करिब नौ ग्राम ब्राउनसुगरजस्तो देखिने पदार्थ बरामद भएको हो। उनलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

यसअघि ३० असारको राति मिर्चैया नगरपालिका-६ कटारी चोकस्थित एक बेकरी पसलमा प्रहरीले छापा मारेर प्लास्टिकबाहेक ७० मिलिग्राम ब्राउनसुगरजस्तो देखिने पदार्थ, २२ हजार २५० रुपैयाँ नगद तथा पाँच थान मोबाइल बरामद गरेको थियो। सो घटनामा बेकरी सञ्चालक मिर्चैया-१ निवासी करिब ३५ वर्षीय उमेश श्रेष्ठ, मिर्चैया-८ निवासी करिब ३२ वर्षीय

बाँकी पृष्ठ २ ▸▸

## मार्वल कम्पनीको ट्रेडमार्क दुरुपयोगको आरोपमा जानकी प्लास्टिक उद्योगका सञ्चालक मुरारका पक्राउ





**अपन दैनिक संवाददाता**
**सिरहा, असार ३२ गते**

मार्वल कम्पनीको ट्रेडमार्क दुरुपयोग गरी नक्कली पाइप उत्पादन तथा बिक्री-वितरण गरेको आरोपमा जनकपुरस्थित जानकी प्लास्टिक उद्योगका सञ्चालक नवकृष्ण मुरारका (नवल मुरारका) पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार मुरारकालाई बिहीबार जनकपुरधाम उपमहानगरपालिका-मुजेलिया क्षेत्रबाट पक्राउ गरिएको हो।

प्रहरी स्रोतका अनुसार जिल्ला प्रहरी कार्यालय सिरहाबाट खटिएको सादा पोसाकको टोलीले उनलाई तीन दिनदेखि निगरानी (रेकी) गरिरहेको थियो।

मुजेलिया प्रहरी चौकी अगाडि गाडीमा सवार रहेका बेला प्रहरीले उनलाई नियन्त्रणमा लिएको स्रोतले जनाएको छ।

प्रारम्भिक रूपमा उनलाई जिल्ला प्रहरी कार्यालय धनुषाको हिरासतमा राखिएको थियो।

आवश्यक कानुनी प्रक्रिया पूरा

बाँकी पृष्ठ ३ ▸▸

## एमालेसँगको सहकार्य टुट्ने चर्चाले मधेशमा अन्योल

### कांग्रेस–नेकपाका नेता भन्छन्–आधिकारिक जानकारी छैन




**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार ३२ गते**

नेपाली कांग्रेसले सातै प्रदेशमा नेकपा (एमाले) सँगको सत्ता सहकार्य अन्त्यको तयारीबीच मधेश प्रदेशको सत्ता समीकरण पनि अन्योलमा परेको छ।

कोशी, लुम्बिनी, गण्डकी र सुदूरपश्चिम प्रदेशमा कांग्रेस-एमाले सम्बन्धमा दरार देखिन थालेपछि मधेश प्रदेशमा पनि गठबन्धनको भविष्यबारे चासो बढेको हो। मधेशमा कांग्रेस नेतृत्वको सरकारमा एमाले अहिले पनि सहभागी छ।

यहाँ एमालेबाट मोहम्मद समिर भौतिक पूर्वाधार विकास मन्त्री, शारदा थापा श्रम तथा यातायात मन्त्री, मनोज सिंह शिक्षा तथा संस्कृति मन्त्री तथा लखन दास तत्मा युवा तथा खेलकुद मन्त्री छन्। गत जेठमा गठन भएको यो सरकार दुई महिनामै धरमर भएको छ।

मुख्यमन्त्री तथा नेपाली कांग्रेस मधेश प्रदेश सभापति कृष्णप्रसाद यादवले भने सरकार परिवर्तन हुने कुनै आधार नरहेको बताएका छन्। अपन दैनिकसँग कुरा गर्दै उनले प्रदेश सरकारको गठबन्धनमा कुनै हेरफेर नहुने दाबी गरे।

हामीलाई यस्तो कुनै जानकारी आएको छैन। प्रदेश सरकार परिवर्तन हुँदैन। केन्द्रको निर्णयबारे पनि आधिकारिक जानकारी छैन, प्रदेशको विषय केन्द्रले एकतर्फी तय गर्ने कुरा पनि होइन, उनले भने।

कांग्रेस प्रदेश सांसद वीरेन्द्रकुमार

बाँकी पृष्ठ ३ ▸▸

## सरकार-मिटरब्याजपीडितबीच पहिलो चरणको वार्ता सकारात्मक, सहमतिका लागि शुक्रबार निर्णायक छलफल



**अपन दैनिक संवाददाता**
**सिरहा, असार ३२ गते**

मिटरब्याजविरुद्ध आन्दोलनरत पक्ष र सरकारबीच सिंहदरबारमा पहिलो चरणको औपचारिक वार्ता सम्पन्न भएको छ। दुवै पक्षले वार्तालाई सकारात्मक भएको बताएका छन् भने सहमतिका लागि शुक्रबार दोस्रो चरणको निर्णायक बैठक बस्ने भएको छ।

वार्तामा सहभागी मिटरब्याजविरुद्ध किसान-मजदुर आन्दोलनको केन्द्रीय हेडक्वार्टर सदस्य लक्ष्मी घिमिरेले अपन दैनिकसँग कुरा गर्दै सरकारले आन्दोलनकारीका मागप्रति सकारात्मक रुपमा लिएको बताइन्।

उनका अनुसार बुधबारको छलफल प्रारम्भिक चरणको भएकाले मागहरूबारे विस्तृत रूपमा शुक्रबारको बैठकमा छलफल हुनेछ। दुवै पक्ष सहमतिमा पुग्ने प्रयासमा रहेको उनले जानकारी दिइन्।

यसअघि बाराको निजगढमा पैदल मार्चमा रहेका आन्दोलनकारीसँग गृहमन्त्री सुदन गुरुङले प्रत्यक्ष वार्ता गरेका थिए। त्यहाँ सहमति हुन नसकेपछि दुवै पक्षलाई औपचारिक वार्ताका लागि सिंहदरबार बोलाइएको हो।

सिंहदरबारमा भएको वार्तामा सरकारका प्रतिनिधि र

बाँकी पृष्ठ ४ ▸▸

## मिटरब्याजी रामबाबु साह पुर्पक्षका लागि कारागार चलान



**अपन दैनिक संवाददाता**
**रौतहट, असार ३२ गते**

चन्द्रनिगाहपुरका कपडा व्यापारी रामबाबु साह कलवार मिटरब्याजका नाममा ठगी गरेपछि पुर्पक्षका लागि कारागार चलान भएका छन्।

अनुचित लेनदेन (मिटरब्याज) को आरोप खेप्दै आएका कलवारलाई जिल्ला अदालत रौतहटले पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको हो। बुधबार जिल्ला अदालत, गौरका न्यायाधीश दुर्गाप्रसाद भट्टराईको इजलासले कलवारविरुद्ध प्रारम्भिक प्रमाण पर्याप्त देखिएको ठहर गर्दै मुद्दाको अन्तिम फैसला नआउञ्जेल थुनामै राखेर सुनुवाइ अघि बढाउन आदेश दिएको हो।

कलवारविरुद्ध अनुचित लेनदेन (मिटरब्याज) तथा सरकारी कागजात कीर्तेसम्बन्धी मुद्दा दर्ता भएको छ। उनीमाथि वृन्दावन नगरपालिका-१ का वडाध्यक्ष रामनाथ सहनीको हस्ताक्षर

बाँकी पृष्ठ ४ ▸▸

## दुर्घटना गराई घाइतेलाई सडकमा फालेर फरार भएका भारतीय नागरिक पक्राउ



**अपन दैनिक संवाददाता**
**सप्तरी, असार ३२ गते**

सप्तरीको शम्भुनाथ नगरपालिकामा मोटरसाइकल दुर्घटना गराई घाइतेलाई बाटोमा अलपत्र छाडेर फरार भएका एक भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार सवारी ज्यान मुद्दामा संलग्न रहेको आरोपमा भारतको मधुबनी जिल्ला, ग्राम पञ्चायत चतुर्भुज पिपराही वडा नं. १ नटुवा टोल बस्ने २८ वर्षीय मोहमद सदर आदम नटलाई पक्राउ गरिएको हो।

प्रहरीका अनुसार, गत असार ३१ गते साँझ करिब ६:५० बजेको समयमा सप्तरीको शम्भुनाथ नगरपालिका वडा नं. ६ स्थित कठौना बजारमा प्रतिवादीले चलाएको बीआर ३२ बीडी ९७६४ नम्बरको अपाची मोटरसाइकलले सादिक हुसेनलाई ठक्कर दिएको थियो। ठक्करबाट गम्भीर घाइते भएका हुसेनलाई आफ्नै मोटरसाइकलमा राखी घटनास्थलबाट लगेका थिए। तर, उनले घाइतेलाई उपचारका लागि अस्पताल पुर्‍याउनुको साटो खडक नगरपालिका वडा नं. १ सुन्दरपुरस्थित बाटोमा फालेर फरार भएका थिए।

बाँकी पृष्ठ २ ▸▸



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।

# आज देखि थपिंदैछ सात क्षेत्रमा नयाँ करको भार: कसलाई कस्तो असर ?

## विद्यालयदेखि अस्पताल, बिजुली, राइड सेयरिङ र होटलसम्म महँगीको असर




नयाँ आर्थिक वर्ष सुरु हुने साउन १ गतेदेखि सरकारले विभिन्न वस्तु तथा सेवामा नयाँ कर तथा शुल्क लागू गर्दैछ। शिक्षा, स्वास्थ्य, विद्युत्, सुनचाँदी, राइड सेयरिङ, क्यासिनो र उच्चस्तरीय होटल-रिसोर्टसम्म सात क्षेत्रमा करको दायरा विस्तार गरिएपछि यसको प्रत्यक्ष असर सर्वसाधारणदेखि व्यवसायीसम्म पर्ने देखिएको छ।

सरकारको यो व्यवस्थाले राजस्व संकलन बढाउने लक्ष्य राखे पनि दैनिक उपभोगका सेवा महँगिने भएकाले उपभोक्ताको खर्च बढ्ने निश्चित छ। विशेषगरी शिक्षा, स्वास्थ्य र विद्युत् जस्ता आधारभूत सेवामा कर थपिनुले यसको प्रभाव मध्यमवर्गीय परिवारमा बढी पर्ने विश्लेषण गरिएको छ।

**यी सात क्षेत्रमा बढ्यो कर**

**१. निजी विद्यालयको शुल्कमा ३ प्रतिशत कर**

साउन १ देखि निजी शैक्षिक संस्थाले विद्यार्थीसँग लिने शुल्कमा ३ प्रतिशत कर थप हुनेछ। यसको अर्थ विद्यालयले कर आफैं नबेहोरेमा अभिभावकले तिर्नुपर्ने शुल्क स्वत: बढ्नेछ।

उदाहरणका लागि, मासिक १० हजार रुपैयाँ शुल्क तिर्ने विद्यार्थीको खर्चमा करका कारण अतिरिक्त तीन सय रुपैयाँ थपिन सक्छ।

**२. निजी अस्पतालमा उपचार महँगिने**

निजी स्वास्थ्य संस्थामा उपचार गराउँदा बिरामीले तिर्ने शुल्कमा पनि ३ प्रतिशत कर लाग्नेछ।

यदि कुनै बिरामीले १ लाख रुपैयाँको उपचार गराउँछ भने अब थप ३ हजार रुपैयाँ कर तिर्नुपर्ने अवस्था आउनेछ। यसले स्वास्थ्य सेवा झनै महँगो हुने भन्दै आलोचना पनि सुरु भएको छ।

**३. सुन-चाँदी खरिदमा थप ०.५ प्रतिशत कर**

सुन, चाँदी तथा तिनका गहना खरिद गर्दा लाग्ने करमा ०.५ प्रतिशत वृद्धि हुनेछ। यसले विशेषगरी विवाह, चाडपर्व र लगानीका लागि सुन खरिद गर्ने उपभोक्ताको खर्च बढाउनेछ भने सुन व्यवसायीले पनि बजारमा केही प्रभाव पर्ने आकलन गरेका छन्।

**४. क्यासिनोको रोयल्टी दोब्बर**

क्यासिनो सञ्चालकले हाल वार्षिक १ करोड ५० लाख रुपैयाँ रोयल्टी तिर्दै आएकोमा अबदेखि यो रकम बढेर ३ करोड रुपैयाँ पुगेको छ।

यसले क्यासिनो उद्योगको सञ्चालन लागत बढाउने भए पनि यसको प्रत्यक्ष असर सर्वसाधारणभन्दा क्यासिनो व्यवसायमा सीमित रहने अपेक्षा गरिएको छ।

**५. ५० युनिटभन्दा बढी बिजुली खपतमा ५ प्रतिशत कर**

अब ५० युनिटभन्दा बढी विद्युत् खपत गर्ने उपभोक्ताले थप ५ प्रतिशत कर तिर्नुपर्नेछ।

यसको असर विशेषगरी शहरी क्षेत्रका अधिकांश घरपरिवार, व्यवसाय तथा उद्योगमा पर्नेछ। कम विद्युत् प्रयोग गर्ने परिवार भने यसबाट प्रभावित नहुन सक्छन्।

**६. राइड सेयरिङ सेवामा ५ प्रतिशत सेवा शुल्क**

राइड सेयरिङ सेवा सञ्चालन गर्ने कम्पनी तथा सेवामा ५ प्रतिशत सेवा शुल्क लाग्नेछ।

यसको प्रभाव अन्ततः यात्रुले तिर्ने भाडामा पर्न सक्ने सम्भावना छ भने चालकको आम्दानीमा पनि असर पर्ने वा कम्पनीले शुल्क समायोजन गर्ने विकल्प रोज्न सक्छन्।

**७. पाँचतारे होटल, रिसोर्ट र विदेशी मदिरा महँगिने**

पाँचतारे तथा उच्चस्तरीय होटल, लक्जरी रिसोर्ट र विदेशी मदिरामा २ प्रतिशत थप शुल्क लाग्नेछ।

यो शुल्कले मुख्यत: उच्च आय भएका उपभोक्ता, पर्यटक तथा आतिथ्य उद्योगलाई असर गर्ने भए पनि पर्यटन व्यवसायले लागत बढ्ने चिन्ता व्यक्त गरिरहेका छन्।

**कसलाई कस्तो असर ?**

नयाँ कर व्यवस्थाको सबैभन्दा प्रत्यक्ष प्रभाव निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीका अभिभावक, निजी अस्पतालबाट उपचार लिने बिरामी, ५० युनिटभन्दा बढी बिजुली प्रयोग गर्ने उपभोक्ता तथा राइड सेयरिङ सेवा प्रयोगकर्तामा पर्ने देखिन्छ।

त्यस्तै, सुन खरिद गर्ने उपभोक्ता, पाँचतारे होटल तथा रिसोर्ट प्रयोग गर्ने ग्राहक र विदेशी मदिरा उपभोग गर्नेहरू पनि अतिरिक्त शुल्कको भारमा पर्नेछन्। क्यासिनोको हकमा भने प्रत्यक्ष कर व्यवसायीले तिर्ने भए पनि त्यसको प्रभाव सेवा शुल्क वा सञ्चालन लागतमार्फत अप्रत्यक्ष रूपमा देखिन सक्छ।

**राजस्व बढाउने प्रयास कि उपभोक्तामाथि थप भार ?**

सरकारले राजस्वको दायरा विस्तार गर्दै आर्थिक स्रोत सुदृढ बनाउने उद्देश्यले यी नयाँ कर लागू गरेको जनाएको छ। तर करको दायरा शिक्षा, स्वास्थ्य र विद्युत् जस्ता आधारभूत सेवासम्म विस्तार हुँदा यसको भार अन्तत: आम नागरिकमाथि नै पर्ने देखिन्छ।

विलासिताका वस्तु र सेवामा कर बढाउनु स्वाभाविक मानिए पनि विद्यालयको शुल्क, निजी अस्पतालको उपचार खर्च र विद्युत् खपतमा थप करले मध्यमवर्गीय परिवारको मासिक खर्च उल्लेख्य रूपमा बढाउन सक्छ। आगामी दिनमा यी करको भार व्यवसायीले आफैं वहन गर्छन् वा उपभोक्तामाथि पूर्ण रूपमा सार्छन् भन्ने विषयले बजार मूल्य र उपभोगको प्रवृत्तिमा समेत प्रभाव पार्नेछ।

नयाँ आर्थिक वर्षसँगै लागू हुने यी व्यवस्थाले सरकारी राजस्व बढाउने अपेक्षा गरिए पनि यसको प्रत्यक्ष असर भने नागरिकको दैनिक खर्चमा महसुस हुने देखिन्छ।

करको मार नागरिकमा थपिँदा सरकारी सेवामा कार्यरत कर्मचारीको तबल केही प्रतिशत बढे पनि निजी क्षेत्रका काम गर्ने कर्मचारी थप महँगीको मारमा पर्ने देखिन्छ।

## सम्पादकीय...

### सुनचाँदी गरगहनामा शुद्धता सुनिश्चित गर

सुनचाँदीका गरगहना नेपाली समाजमा सौन्दर्यका सामग्री मात्र होइनन्, आर्थिक सुरक्षा र सामाजिक प्रतिष्ठासँग जोडिएका बहुमूल्य सम्पत्ति पनि हुन्। विवाह, व्रतबन्ध, धार्मिक तथा सांस्कृतिक अनुष्ठानदेखि आपत्कालीन आर्थिक आवश्यकतासम्म सुनचाँदीले महत्वपूर्ण भूमिका खेल्दै आएको छ। यही कारण नागरिकले आफ्नो मेहनतको कमाइ खर्च गरेर सुनचाँदीका गरगहना खरिद गर्ने गर्छन्। तर सिरहा जिल्लासहित देशका विभिन्न स्थानमा सुनचाँदीको कारोबारमा देखिएको अपारदर्शिता र उपभोक्तामाथिको अन्याय गम्भीर चिन्ताको विषय बनेको छ। सिरहा जिल्लाको सदरमुकामदेखि प्रमुख बजार र ग्रामीण क्षेत्रसम्म सुनचाँदीका सयौं पसल सञ्चालनमा छन्। व्यवसाय विस्तार हुनु सकारात्मक पक्ष हो। तर व्यवसायसँगै उपभोक्ताको अधिकार, गरगहनाको शुद्धता र कारोबारको विश्वसनीयता पनि सुनिश्चित हुनुपर्छ। दुर्भाग्यवश, अहिले एउटा पसलबाट खरिद गरिएको सुनचाँदीको गरगहना अर्को पसलमा बिक्री गर्न जाँदा विभिन्न बहानामा ठूलो प्रतिशत कट्टा गर्ने, मूल्य घटाएर मूल्यांकन गर्ने वा गरगहनाको शुद्धतामै प्रश्न उठाउने प्रवृत्ति व्यापक देखिएको छ। यसले उपभोक्तालाई प्रत्यक्ष आर्थिक क्षति पुर्‍याइरहेको छ।

यदि एउटा पसलले बिक्री गरेको सुन अर्को पसलले विश्वास गर्न नसक्ने हो भने यसले सम्पूर्ण सुनचाँदी व्यवसायको विश्वसनीयतामाथि नै प्रश्न उठाउँछ। के बजारमा बिक्री भइरहेका गरगहना मापदण्ड अनुसारका छैनन् ? वा शुद्धताको परीक्षण गर्ने एउटै मापदण्ड लागू गरिएको छैन् ? यदि गरगहनाको गुणस्तर र शुद्धता प्रमाणित गर्ने प्रभावकारी व्यवस्था हुन्थ्यो भने एउटै वस्तुलाई फरक-फरक पसलले फरक मूल्यांकन गर्ने अवस्था सिर्जना हुने थिएन। सुनचाँदी जस्तो महँगो वस्तु खरिद गर्दा उपभोक्ताले गुणस्तरको सुनिश्चितता पाउने अधिकार राख्छन्। त्यसका लागि प्रत्येक गरगहनामा अनिवार्य रूपमा शुद्धताको प्रमाण, बिल र आवश्यक मापदण्डको व्यवस्था हुनुपर्छ। अन्तर्राष्ट्रिय अभ्यासअनुसार ...हलमार्किङ' प्रणाली लागू गरी सबै व्यवसायीलाई त्यसको पालना गराउने हो भने शुद्धतामाथिको विवाद स्वत: कम हुनेछ। यसले उपभोक्ता र व्यवसायीबीचको विश्वास पनि बढाउनेछ।

यस विषयमा नियामक निकायको भूमिका अझ महत्वपूर्ण हुन्छ। सम्बन्धित सरकारी निकायले नियमित अनुगमन, गुणस्तर परीक्षण, मूल्य सूचीको पारदर्शिता तथा उपभोक्ता संरक्षणसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ। उपभोक्तालाई ठगी गर्ने, अनुचित रूपमा प्रतिशत कट्टा गर्ने वा शुद्धताको नाममा मनपरी गर्ने व्यवसायीमाथि कानुनबमोजिम कारबाही हुनुपर्छ। कानुनको कार्यान्वयन कमजोर हुँदा इमानदार व्यवसायीसमेत बदनाम हुने अवस्था सिर्जना हुन्छ। व्यवसायीहरू पनि नाफामुखी सोचमा सीमित हुनुहुँदैन। दीर्घकालीन व्यापार विश्वास, पारदर्शिता र नैतिकतामै टिक्छ। एउटै जिल्लाभित्र बिक्री भएका गरगहनालाई मनपरी रूपमा अस्वीकार गर्ने वा अत्यधिक कट्टा गर्ने अभ्यासले अन्तत: सम्पूर्ण व्यवसायप्रतिको जनविश्वास कमजोर बनाउँछ। व्यवसायीबीच न्यूनतम साझा मापदण्ड र आचारसंहिता निर्माण गरी त्यसको कडाइका साथ पालना गर्नु अति आवश्यक छ। जसले सुनचाँदीको गरगहनाको शुद्धता सुनिश्चित गर्न मद्दत मिल्छ। उपभोक्ताले पनि सुनचाँदी खरिद गर्दा अनिवार्य रूपमा बिल लिनु, शुद्धताको प्रमाण माग्नु र आवश्यक जानकारी प्राप्त गर्नु जरुरी छ। सचेत उपभोक्ता बन्नुपर्ने आवश्यकता छ। उपभोक्ताको अधिकारको सम्मान गर्दै सुनचाँदीको कारोबारलाई ठगीमुक्त र विश्वसनीय बनाउनु निकै जरुरी छ।

## सिरहामा हतियार र लागूऔषधविरुद्ध ............

चन्द्रप्रसाद गिरी र मिर्चैया-६ निवासी करिब २१ वर्षीय देवकुमार पासवान पक्राउ परेका छन्।

प्रहरीले अवैध हतियार तथा लागूऔषध कारोबारमा संलग्न व्यक्तिहरूमाथि अनुसन्धान जारी रहेको जनाएको छ।

○ ग्राहक बन्नु परेमा।
○ नवीकरण गर्नु परेमा।
○ ठेगाना परिवर्तन भएमा।
○ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
अपन दैनिक पत्रिका

## आजको राशिफल

**मेष :** घरपरिवारका सदस्यहरूसँग केही समय बिताउँदा मानसिक शान्ति मिल्नेछ।

**बृष :** पुराना साथीभाइ वा दाजुभाइसँगको भेटघाट लाभदायक रहनेछ। छोटो दुरीको यात्राको सम्भावना छ।

**मिथुन :** बोलीको प्रभाव बढ्नेछ, जसका कारण रोकिएका आर्थिक कामहरू सुल्झिन सक्छन्।

**कर्कट :** आजको दिन मानसिक रूपमा निकै सक्रिय र उत्साहजनक रहनेछ।

**सिंह :** आज खर्चको मात्रा अलि बढ्न सक्छ, त्यसैले बजेट बनाएर चल्नुहोला।

**कन्या :** आजको दिन आर्थिक दृष्टिकोणले निकै लाभदायक रहनेछ। आम्दानीका नयाँ स्रोतहरू फेला पर्न सक्छन्।

**तुला :** कार्यक्षेत्र वा व्यापार व्यवसायमा आज ठुलो सफलता मिल्ने योग छ।

**वृश्चिक :** लामो समयदेखि रोकिएका कामहरू भाग्यको साथले गर्दा स्वत: सुल्झिनेछन्।

**धनु :** आज स्वास्थ्यको मामलामा अलि सजग रहनुहोला। कार्यक्षेत्रमा केही चुनौती वा व्यवधानको सामना गर्नुपर्न सक्छ।

**मकर :** दाम्पत्य जीवन र प्रेम सम्बन्धका लागि आजको दिन निकै मधुर रहनेछ।

**कुम्भ :** रोकिएका पुराना काम वा मुद्दा मामिलाहरू तपाईंको पक्षमा सुल्झिनेछन्।

**मीन :** शिक्षा, कला र साहित्य क्षेत्रमा लागेकाहरूका लागि आजको दिन निकै राम्रो छ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस्।**

ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

## दुर्घटना गराई घाइतेलाई सडकमा ..........

गम्भीर घाइते हुसेनलाई उपचारका लागि राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल पुर्‍याइएकोमा सोही दिन राति करिब ८:५० बजे उपचारकै क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ।

घटनापश्चात फरार रहेका प्रतिवादीको खोजतलास गर्ने क्रममा खडक नगरपालिका वडा नं. १ बाट उनलाई प्रहरीले नियन्त्रणमा लिएको हो। पक्राउ परेका उनलाई इलाका प्रहरी कार्यालय कल्याणपुर, सप्तरीमा सवारी ज्यान मुद्दा दर्ता गरी सप्तरी जिल्ला अदालतबाट असार ३१ गतेदेखि लागू हुने गरी ५ (पाँच) दिनको म्याद थप गरी अनुसन्धान कार्य अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक हेमराज घिमिरेले जानकारी दिएका छन्।



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

# बालेनले रणनीति बदलेका हुन् ? बढाउँदैछन् छलफल

## विश्लेषक भन्छन्– सयदिने रणनीतिपछिको दोस्रो कदम

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असार ३२ गते**



भेटघाटमा रुचि नराख्ने, सार्वजनिक सम्बोधन एकदमै छोटो गर्ने र काम गरेर देखाउँछु भन्ने प्रधानमन्त्री बालेन्द्र शाह पछिल्लो समय भेटघाट व्यस्त छन् । निजी क्षेत्र हुँदै राजनीतिक दलसम्म संवादमा पुगेसँगै जिज्ञासा बढेको छ, 'के प्रधानमन्त्री बालेनले स्ट्राटेजी (रणनीति) परिवर्तन गरेका हुन् ?'

प्रधानमन्त्री बालेन्द्र शाह प्रधानमन्त्री भएकै दिन चैत १३ गते सयबुँदे कार्यसूची सार्वजनिक गरेका थिए ।

उक्त कार्यसूची अनुरूप काम गर्नु सरकारको पहिलो प्राथमिकता घोषणा गर्दै मन्त्रीहरूलाई सार्वजनिक समारोहमा उपस्थित हुन, उद्घाटन र विमोचन गर्न प्रतिबन्ध लगाए । यसबीचमा उनी आफैं पनि आफ्नै पार्टीको पहिलो महाधिवेशन उद्घाटनबाहेक सार्वजनिक कार्यक्रममा देखिएनन् ।

प्रधानमन्त्रीले सम्बोधन गर्ने गणतन्त्र दिवस समारोहको सम्बोधन गरिदिन राष्ट्रपतिलाई निवेदन पठाए । उनले संघीय संसद्मा समेत सम्बोधन गरेका छैनन्, एकचोटि गत जेठ १७ गते 'आकस्मिक प्रश्नोत्तर'मा सामेल हुनुबाहेक ।

प्रतिनिधिसभा नियमावलीअनुसार हरेक महिना एक दिन प्रधानमन्त्रीले सांसदहरूसँग प्रश्नोत्तरमा भाग लिनुपर्छ । तर, उनले नियमावलीका व्यवस्थासमेत बेवास्ता गरिरहेका छन् । तर, प्रधानमन्त्रीका पछिल्ला गतिविधिले भने उनको रणनीति परिवर्तन भएको हो कि भन्ने संकेत गरेको छ ।

गत असार २३ मा नेपालको विकास साझेदारमध्येको एसियाली विकास बैंकका अध्यक्ष मसातो कान्दासँग शिष्टाचार भेटे । त्यसपछि प्रधानमन्त्री शाहले स्वदेशी विकास साझेदारसँग संवाद थालेका हुन् । असार २४ गते उद्योग वाणिज्य महासंघका प्रतिनिधिहरू डाकेर संवाद गरेका प्रधानमन्त्री शाह त्यसयता नियमित संवादमै छन् ।

उनले निजी क्षेत्रको विश्वास जित्ने प्रयास गरिरहेका छन् । उद्योग वाणिज्य महासंघका प्रतिनिधिसँगको भेटमा शाहले निजी क्षेत्रको मनोबल बढाउने विषय राखेका थिए । शाह प्रधानमन्त्री हुनुअघि नै निर्माण व्यवसायीहरूप्रति आक्रामक थिए ।

सेटिङमा हुने ठेक्का र राजनीतिक संरक्षणमा चलेका ठेकेदारप्रति प्रधानमन्त्री शाहले रास्वपाको कैलालीको चुनावी सभामा 'ठेकेदारलाई बाँधिर भए पनि दुईवर्षमा गर्ने भनेको काम दुई वर्षमै गराउने' बताएका थिए ।

सँगै उनी प्रधानमन्त्री भएपछि व्यवसायीहरू धरपकड पनि बढाए ।

तर, असार २५ मा शाहले नेपाल निर्माण व्यवसायी महासंघका प्रतिनिधिहरू डाकेर भेटवार्ता गरे । उनले व्यवसायीको समस्या सम्बोधन गर्न आफू तयार रहेको सन्देश दिँदै समयमै काम सम्पन्न हुन के गर्नुपर्छ भनेर सुझावसमेत मागेका छन् ।

शाहले असार ३० मा होटल एसोसिएसन नेपाल 'हान'का प्रतिनिधिसँग भेटवार्ता गरे । उनले होटल व्यवसाय पर्यटन प्रवर्द्धन र रोजगार सिर्जनाको मुख्य क्षेत्र भन्दै त्यसमा सरकारले गर्नुपर्ने सहजीकरणका लागि तयार रहेको बताएका थिए ।

त्यसपछि असार ३१ मा प्रधानमन्त्री शाहले महिला उद्यमीसँग भेटवार्ता गरे । उनले महिला उद्यमीहरूको उद्यमशीलता विकासका लागि कुनै पनि सहयोग गर्न सरकार तयार रहेको भन्दै उद्यमीका व्यवधान सरकारले हटाइदिने आश्वासन दिएका छन् ।

बिहीबार प्रधानमन्त्री शाहले राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्षसहितका नेताहरूसँग भेटे । यसैसँगै उनको राजनीतिक संवादको पनि थालनी भएको छ । यसअघि उनले राजनीतिक संवाद गरेका थिएनन् । यसले पनि प्रधानमन्त्री बालेनको रणनीति परिवर्तन भएको हो कि भन्ने देखाउँछ ।

राजनीतिक विश्लेषक डा. विष्णु दाहाल बालेनको सय दिनको रणनीति पूरा भएर फेरिएको बताउँछन् । तर, यो नयाँ नभएर समय अनुसार, रणनीति फेर्ने उनको स्वभाव अनुसार भएको उनको विश्लेषण छ ।

“बालेनको रणनीति फेरिएको भन्दा पनि पहिलो स्टेप (चरण) सकिएर दोस्रो स्टेपमा प्रवेश गरेका हुन्,” दाहालले भने, “उनको स्ट्राटेजिक कोर्स (रणनीतिक बाटो) ५ वर्षसम्म फेरिइरहन्छ ।”

उनले बालेनको उदयदेखि प्रधानमन्त्रीसम्म पुग्ने सबै कदम रणनीतिक नै रहेकाले यसको सम्बन्ध देशभित्र मात्र सीमित नरहेको उनको बुझाइ छ ।

राजनीतिक विश्लेषक प्रा. डा. लोकराज बराल भने प्रधानमन्त्री बालेनमा केही गरौं भन्ने हुटहुटी देखिएको तर परिणाममा पुर्‍याउने परिपक्वता नदेखिएको बताउँछन् ।

उनी सरकारबारे नकारात्मक टिप्पणी गर्ने समय अझै नभएको भन्दै केही गर्ने प्रयत्न परिपक्व नहुँदा लोकप्रियताको 'ग्राफ' घट्दो क्रममा देखिएको बताउँछन् ।

“बालेनमा केही गरेर देखाऔं भन्ने हुटहुटी त देखिन्छ तर, त्यसलाई परिणाम दिने परिपक्वता देखिएन,” डा. बरालले भने ।

उनको विश्लेषणमा, 'संविधान संशोधन मस्यौदामा असिम शाहलाई जिम्मेवारी दिनु परिपक्व भएन । स्टोरमा मल छ तर किसानले पाएनन् भनिँदैछ, डेलिभरी (प्रवाह) बलियो भएन । संसद्मा संवाद गर्ने परिपक्वता भएन । तर, यतिमै आलोचना गर्न हतारिनुपर्ने छैन । राम्रो गर्छन् भने अझै उनलाई शंकाको सुविधा दिनुपर्छ ।'

उनी बालेनले प्रारम्भ गरेको संवाद आफैँमा सकारात्मक विषय भएको

बाँकी पृष्ठ ४

# पूर्वप्रदेश प्रमुख राजेश अहिराजलाई बलात्कार मुद्दामा सात वर्ष कैद

**अपन दैनिक संवाददाता**
**सिरहा, असार ३२ गते**



मधेश प्रदेशका पूर्वप्रदेश प्रमुख राजेश झा(राजेश अहिराज)लाई बलात्कार मुद्दामा सात वर्ष कैद सजाय भएको छ । काठमाडौं जिल्ला अदालतले उनलाई बिहीबार सजाय सुनाएको हो ।

अदालतका सूचना अधिकारी शिव खतिवडाका अनुसार झालाई सात वर्ष कैदका साथै,तीन लाख जरिवानाका साथै पीडितलाई तीन लाख क्षतिपूर्ति भराउने फैसला भएको छ । न्यायाधीश चन्द्रकान्त पौडेलको इजलासले उनलाई सजाय सुनाएको हो ।

१३ साउन २०८२ मा अहिराजविरुद्ध मुद्दा दायर भएको थियो ।

अहिराज १४ साउन ०८१ देखि थुनामा रही मुद्दाको पुर्पक्ष गर्दैछन् । ४ साउन ०८१ मा उनी पक्राउ परेका थिए । एक युवतीलाई सहयोग गर्ने नाममा प्रभावमा पारी यौन शोषण तथा करणी गरेको भन्दै अदालतमा मुद्दा दायर भएको थियो । बानेश्वरस्थित आफ्नै डेरामा अहिराजले युवतीलाई बलात्कार गरेको जाहेरीमा उल्लेख छ ।

प्रतिवादी अहिराज पूर्व पत्रकार र राजनीतिक विश्लेषक पनि हुन् । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले ७ फागुन ०७७ मा उनलाई मधेश प्रदेशको प्रमुखको जिम्मेवारीमा नियुक्त गरेका थिए ।

# असार सकिँदा सर्लाहीमा ६० प्रतिशत धान रोपाइँ



**अपन दैनिक संवाददाता**
**सर्लाही, असार ३२ गते**

असार महिना सकिँदासम्म सर्लाहीका धेरै खेतमा अझै धान रोपाइँ हुन सकेको छैन । समयमा पर्याप्त वर्षा नहुँदा यस वर्ष रोपाइँको गति सुस्त भएको हो ।

गत वर्ष यही अवधिसम्म जिल्लामा करिब ७० देखि ७५ प्रतिशत धान रोपाइँ सम्पन्न भएको थियो । यो वर्ष हालसम्म ६० प्रतिशत खेतमा मात्र रोपाइँ भएको छ ।

कृषि ज्ञान केन्द्र सर्लाहीका अनुसार जिल्लामा कूल ४२ हजार ६९५ हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेको छ । हालसम्म २५ हजार ६१९ हेक्टर क्षेत्रफलमा मात्र रोपाइँ सम्पन्न भएको छ, जुन कूल क्षेत्रफलको करिब ६० प्रतिशत हो ।

कृषि ज्ञान केन्द्र सर्लाहीका प्रमुख कमलदेव कुशवाहाले सुरुवाती चरणमा पर्याप्त वर्षा नहुँदा रोपाइँ प्रभावित भएको बताए । उनका अनुसार पछिल्ला दिनमा वर्षा भएपछि किसानहरू रोपाइँमा जुटेका छन् ।

'हालसम्म करिब ६० प्रतिशत क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको छ । गत वर्ष यही समयमा ७० देखि ७५ प्रतिशत रोपाइँ भइसकेको थियो,' उनले भने, 'सिँचाइ सुविधा भएका अधिकांश खेतमा रोपाइँ सकिएको छ । पछिल्ला दिनमा वर्षा भएकाले बाँकी खेतमा पनि रोपाइँले गति लिएको छ । बागमती सिँचाइ आयोजनाले समयमा पानी नछोडिँदा पनि रोपाइँ ढिलो हुन पुग्यो ।'

ज्ञान केन्द्रका अनुसार सर्लाहीको लालबन्दी, ईश्वरपुर, चन्द्रनगर, हरिपुर, हरिपुर्वा, पर्सा, ब्रह्मपुरी, मलंगवा र कविलासी लगायतका पालिकामा धान खेती बढी हुने गरेको छ । दक्षिणी भेगका अधिकांश क्षेत्रमा भने उखु खेतीको बाहुल्यता रहेको छ ।

कतिपय किसानले बिउ उम्रिएर ठूलो हुन लाग्दासमेत खेतमा पर्याप्त पानी नपाउँदा रोपाइँ गर्न सकेका थिएनन् । पछिल्ला दिनमा वर्षा भएपछि खेतमा चहलपहल बढेको छ भने किसानहरू रोपाइँ सक्ने चटारोमा देखिएका छन् ।

किसानले मलखाद, सिँचाइ तथा

बाँकी पृष्ठ ४

## मार्वल कम्पनीको ट्रेडमार्क दुरुपयोगको .........

गरेपछि थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय सिरहा पठाइएको प्रहरीले जनाएको छ ।

प्रहरीले मुरारकामाथि अर्को कम्पनीको ट्रेडमार्कको अवैध प्रयोग गर्दै नक्कली पाइप उत्पादन तथा बिक्री-वितरण गरेको आरोपमा अनुसन्धान अघि बढाएको छ । घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

## एमालेसँगको सहकार्य टुट्ने चर्चाले मधेशमा ............

सिंहले पनि गठबन्धन परिवर्तनको चर्चा आफूहरूले सञ्चारमाध्यमबाट मात्र सुनेको बताए ।

दुवै पक्षका नेताबीच छलफल भइरहेको भन्ने सुनिएको छ । तर आधिकारिक जानकारी आएको छैन । त्यसैले अहिले केही भन्न सक्ने अवस्था छैन,उनले भने ।

यता नेकपा संसदीय दलका नेता युवराज भट्टराईले पनि गठबन्धन परिवर्तनबारे कुनै निर्देशन नआएको स्पष्ट पारे ।

केहीबेरअघि मात्रै सत्ता गठबन्धनका दलहरूबीच छलफल भएको थियो । गठबन्धन परिवर्तन हुनेबारे कुनै जानकारी वा निर्देशन आएको छैन, उनले भने ।

हाल मधेश प्रदेश सरकारमा नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (एकीकृत समाजवादी) सहभागी छन् ।

हाल प्रदेशसभामा १०२ सदस्य कायम छन् । कांग्रेसका २२, एमालेका २४, जनमतका १२, नेकपा (एकीकृत समाजवादी) का १५, जसपा नेपाल र लोसपाका संयुक्त २६ तथा नागरिक उन्मुक्ति पार्टी, नेपाल सङ्घीय समाजवादी पार्टी र राप्रपाका १-१ सांसद छन् ।

यसअघि प्रदेशसभामा १०७ सदस्य रहेकामा लोसपाका अभिराम शर्मा र जसपाका सरोजसिंह कुशवाहा निलम्बित छन् ।

जनमतका सतीशकुमार सिंह, नेकपा (एकीकृत समाजवादी) का भरतप्रसाद साह र रहवर अन्सारी प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार बन्न प्रदेशसभा सदस्यबाट राजीनामा दिएका थिए ।



# वीरगञ्जमा गहवामाईको चौथो रथयात्रा समापन



अपन दैनिक संवाददाता
पर्सा, असार ३२ गते

वीरगञ्जको प्रसिद्ध शक्तिपीठ श्री गहवामाई मन्दिरको चौथो रथयात्रा बिहीबार सम्पन्न भएको छ।

बिहान विशेष पूजा-आराधनापछि मन्दिर परिसरबाट सुरु भएको रथयात्रा घण्टाघर, रेलवे रोडको भित्री बाइपास, छपकैया, मुख्य सडक, अस्पताल रोड, मकालु चोक, आदर्शनगर, घडिअर्वा हुँदै पुनः माईस्थान मन्दिर पुगेर समापन भएको हो।

रथयात्रामा सहभागी हुन बिहानैदेखि बालबालिकादेखि ज्येष्ठ नागरिकसम्मका भक्तजन मन्दिर परिसरमा भेला भएका थिए। रथयात्रा सुरु हुनुअघि वर्षा भए पनि त्यसले भक्तजनको उत्साहमा असर पारेन।

आयोजकका अनुसार बिहानको रथयात्रापछि दिउँसो गहवामाई विशेष पूजा सञ्चालन गरिएको छ। बेलुका मुख्य हवन र महाआरती आयोजना गरिए पछि भक्तजनलाई प्रसाद वितरण गरिने गहवामाई मन्दिर सन्चालक समितिका सचिव कन्हैयालाल केशरीले बताए।

वीरगञ्जको प्रमुख धार्मिक तथा सांस्कृतिक पर्वका रूपमा स्थापित गहवामाई रथयात्राले धार्मिक सद्भाव, सामाजिक एकता र सांस्कृतिक परम्पराको संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको आयोजकको विश्वास छ।

रथयात्रालाई व्यवस्थित र सुरक्षित बनाउन नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र ट्राफिक प्रहरीले विशेष सुरक्षा व्यवस्था मिलाएका थिए। सुरक्षा निकायले रथयात्रा मार्गभर सादा पोशाकका सुरक्षाकर्मीसमेत परिचालन गरी निगरानी बढाएको थियो।

## असार सकिँदा सर्लाहीमा ६० प्रतिशत ..........



मौसमको अनिश्चितताका कारण धान रोपाइँमा ढिलाइ भएको गुनासो गरेका छन्। कविलासी नगरपालिका-६ जमुनियाँका किसान रामदरेश रायले नियमित वर्षा नहुँदा रोपाइँ गर्न समस्या भएको बताए।

'धान रोप्ने बेला अत्यावश्यक पर्ने मलखादको समेत चरम अभाव छ। मल नपाउँदा किसानहरू रोप्ने कि नरोप्ने भन्ने अन्योलमा छन्,' उनले भने।

किसानहरूका अनुसार बिउबिजन, मजदुरी र खेतीपातीमा ठूलो लगानी गरे पनि समयमा मलखाद नपाउँदा उत्पादन प्रभावित हुने चिन्ता बढेको छ।


पर्सा गाउँपालिका-१ शीतलपुरका किसान मनोज यादवले खेतमा लगाउने धानको ब्याड तयार भइसक्दा पनि मलखादको अभावले समस्या भएको बताए।

'मलको प्रतीक्षा गर्दागर्दै ब्याड बिग्रिन थालेको छ। समयमा मल नपाउँदा उत्पादन घट्ने डर छ,' उनले भने।

केही किसानले महँगो मूल्य तिरेर गुणस्तरहीन मलखाद प्रयोग गर्न बाध्य भएको बताएका छन्। नेपालमा पर्याप्त मल उपलब्ध नभएपछि सीमावर्ती क्षेत्रमा भारतबाट भित्रिने अनधिकृत तथा गुणस्तर नखुलेका मलखाद कालोबजारीमार्फत खरिद गर्नुपरेको अवस्था छ।

किसानहरूले यस्ता मलखादको एक बोरा किन्न ३ हजार २०० रुपैयाँसम्म तिर्नुपरेको गुनासो गरेका छन्।

# संविधान संशोधन बहसपत्र प्रधानमन्त्री कार्यालयमा पेस




अपन दैनिक संवाददाता
काठमाडौं, असार ३२ गते

संविधान संशोधनसँग सम्बन्धित विषयमा राष्ट्रिय बहसका लागि तयार गरिएको 'संविधान संशोधन बहस पत्र' निर्माण कार्यदलले आफ्नो प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाएको छ।

प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)का राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा गठन भएको कार्यदलले २०८३ असार ३२ गते प्रतिवेदन पेस गरेको हो।

सरकारले २०८२ चैत १३ गते सार्वजनिक गरेको शासकीय सुधारसम्बन्धी सय बुँदे कार्यसूचीको चौथो बुँदामा देशको दीर्घकालीन राजनीतिक तथा संस्थागत सुधार, निर्वाचन प्रणालीलगायत संविधान संशोधनका सम्भावित विषयमा राष्ट्रिय सहमति निर्माणका लागि बहस पत्र तयार गर्ने व्यवस्था गरिएको थियो। उक्त कार्यलाई सहभागितामूलक, पारदर्शी र तथ्यमा आधारित बनाउने उद्देश्यसहित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत कार्यदल गठन गर्ने उल्लेख थियो।

सोही व्यवस्थाअनुसार २०८२ चैत १६ गते बसेको मन्त्रिपरिषद् बैठकले कार्यदल गठन गरेको थियो। कार्यदलले २०८२ चैत २५ गतेदेखि काम सुरु गरी तोकिएको समयावधि तथा थप गरिएको दोस्रो म्यादभित्र आफ्नो जिम्मेवारी पूरा गरेको हो।

प्रतिवेदन निर्माणका क्रममा कार्यदलले विभिन्न चरणमा छलफल तथा परामर्श गरेको जनाएको छ। कार्यदलले २२ वटा औपचारिक बैठकसहित अन्य अनौपचारिक छलफल सञ्चालन गरेको थियो।

परामर्शका क्रममा पूर्वराष्ट्रपति, पूर्व प्रधानमन्त्री, राजनीतिक दलका शीर्ष नेतृत्व, संविधान तथा कानुन क्षेत्रका विज्ञ, पूर्व न्यायाधीश, पूर्व महान्यायाधिवक्ता, पूर्व कानुन सचिव, पूर्व प्रशासक, महिला अधिकार तथा सामाजिक क्षेत्रका प्रतिनिधि, सञ्चारकर्मी र निजी क्षेत्रका प्रतिनिधिसहित १८४ जना विज्ञसँग प्रत्यक्ष संवाद गरिएको थियो।

त्यस्तै संवैधानिक निकाय, महान्यायाधिवक्ताको कार्यालय, प्रदेश तथा स्थानीय तहका सरकार, नेपाल बार एशोसिएसन, धार्मिक संघ-संस्था लगायत १५० भन्दा बढी संस्थासँग लिखित सुझावसमेत माग गरिएको थियो।

नागरिक सहभागिता सुनिश्चित गर्न सार्वजनिक आह्वानमार्फत सुझाव संकलन गरिएको थियो। त्यस क्रममा नेपालभित्र तथा विदेशमा रहेका नेपाली नागरिकबाट इमेल र ह्वाट्सएपमार्फत ४४ हजार ६१३ वटा डिजिटल सुझाव प्राप्त भएका थिए। यसबाहेक टेलिफोन तथा अन्य विद्युतीय माध्यमबाट समेत सुझाव संकलन गरिएको कार्यदलले जनाएको छ।

कार्यदलले नेपालको संविधान निर्माण प्रक्रियासँग सम्बन्धित ऐतिहासिक दस्तावेज, संविधानसभाका विभिन्न समितिका प्रतिवेदन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास र न्यायिक नजिरहरूको अध्ययन गरेको थियो।

संकलित सुझाव तथा अध्ययन सामग्रीलाई २० वटा विषयगत क्षेत्रमा वर्गीकरण गरी कार्यकारी सारांशसहित प्रतिवेदन तयार गरिएको कार्यदलले जनाएको छ। उक्त प्रतिवेदनले संविधान संशोधनका सम्भावित विषयमा आगामी राष्ट्रिय छलफल र नीतिगत निर्णय प्रक्रियाका लागि आधार तयार गर्ने अपेक्षा गरिएको छ।

# उद्योग वाणिज्य महासंघ रोजगारदाता परिषद् गठन प्रक्रियाले पायो पूर्णता

अपन दैनिक संवाददाता
काठमाडौं, असार ३२ गते



नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गत निजी क्षेत्रको श्रम तथा रोजगार सम्बन्धी नीति, सामाजिक संवाद र रोजगारदाता हितको प्रतिनिधित्व गर्ने प्रमुख संस्थागत संयन्त्रका रूपमा रहेको रोजगारदाता परिषद् गठन प्रक्रियाले पूर्णता पाएको छ।

विहीबार महासंघ सचिवालय टेकुमा सम्पन्न परिषद् पहिलो बैठकमा रोजगारदाता परिषद् सभापति प्रबलजंग पाण्डेको सभापतित्वमा गठित परिषद् सदस्यलाई महासंघ अध्यक्ष अञ्जन श्रेष्ठले मनोनयनपत्र हस्तान्तरण गरे।

कार्यक्रममा महासंघ अध्यक्ष श्रेष्ठले श्रम तथा रोजगार क्षेत्र सुधार, सुदृढीकरण तथा उद्योग-व्यवसायमैत्री श्रमसम्बन्ध स्थापना गर्न रोजगारदाता परिषद्को भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको बताए।

उनले वर्तमान औद्योगिक श्रमसम्बन्ध विगतको तुलनामा थप सकारात्मक र सुमधुर बन्दै गएको उल्लेख गर्दै न्यूनतम पारिश्रमिकलाई क्षेत्रगत आधारमा निर्धारण गर्ने विषयमा मन्त्रालयस्तरमा छलफल भइरहेको जानकारी गराए।

यस सन्दर्भमा परिषद् सदस्यले निजी क्षेत्रको साझा धारणा तयार गरी तथ्य, अध्ययन र अन्तर्राष्ट्रिय असल अभ्यासका आधारमा प्रभावकारी नीति पैरवी गर्नुपर्ने उनले बताए।

अध्यक्ष श्रेष्ठले श्रम ऐन संशोधन प्रक्रिया पनि अगाडि बढिरहेको सन्दर्भमा भविष्यको श्रम बजार, औद्योगिक आवश्यकता, लगानी प्रवर्द्धन, उत्पादकत्व वृद्धि तथा नेपालको प्रतिस्पर्धी अर्थतन्त्र निर्माण मध्यनजर गर्दै महासंघको आधिकारिक धारणा विकास गरी सरकारसँग प्रभावकारी संवाद अघि बढाउन परिषद्ले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने बताए।

बैठकले महासंघको विधान २०४९ (सातौं संशोधन) को दफा ४३.१ बमोजिम परिषद्का निर्वाचित एसोसिएट सदस्यमध्येबाट एक जनालाई उपसभापतिमा मनोनयन गर्ने व्यवस्था अनुसार बाबुकाजी कार्कीलाई रोजगारदाता परिषद् उपसभापतिमा मनोनयन गर्ने प्रस्ताव सर्वसम्मत पारित गरेको छ।

त्यसैगरी बैठकले परिषद्को दीर्घकालीन रणनीति (२०२६-२०२९) निर्माण, वार्षिक कार्ययोजना तर्जुमा, श्रम तथा रोजगार सम्बन्धी नीति पैरवी, अन्तर्राष्ट्रिय श्रम संगठन तथा अन्तर्राष्ट्रिय रोजगारदाता संगठनसँगको सहकार्य, सामाजिक सुरक्षा, औद्योगिक सम्बन्ध सुदृढीकरण, श्रम विवाद न्यूनीकरण तथा महासंघको लैङ्गिक उत्तरदायी सदस्यता विस्तार रणनीति लगायत विषयमा आगामी बैठकमा विस्तृत छलफल गर्ने निर्णय गरेको छ।

रोजगारदाता परिषद् सभापति पाण्डेले महासंघ नेपालको निजी क्षेत्रको आधिकारिक रोजगारदाता प्रतिनिधि संस्था भएका कारण परिषद्ले सरकार, श्रमिक संगठन तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय विकास साझेदारसँगको त्रिपक्षीय सामाजिक संवाद अझ प्रभावकारी, परिणाममुखी र विश्वासयोग्य बनाउने धारणा राखे।

परिषद्ले उद्योग-व्यवसायमैत्री श्रम वातावरण निर्माण, लगानी र उद्यमशीलता प्रवर्द्धन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मकता अभिवृद्धि, मर्यादित रोजगारी सिर्जना, सामाजिक न्यायसहितको श्रमसम्बन्ध विकास तथा नेपालको आर्थिक रूपान्तरणमा निजी क्षेत्रको भूमिका अझ सशक्त बनाउन अग्रणी भूमिका निर्वाह गर्ने प्रतिबद्धता उनले व्यक्त गरे।

## बालेनले रणनीति बदलेका हुन् ............

बताउँछन्।

"संवाद थाल्नु सकारात्मक छ। तर, धेरै टिकाटिप्पणी भएको हुँदा भेटिदिउँ न त भन्नेमा मात्र सीमित हुनुहुन्न," प्रा. डा. बरालले भने, "उनले सदनमा उभिँदै सिंगो राष्ट्रलाई सम्बोधन गर्न सक्नुपर्छ, बलियो सरकारप्रति आशा जगाउन सक्नुपर्छ।"

## मिटरब्याजी रामबाबु साह पुर्पक्षका लागि ...............

किर्ते गरी कवाली तमसुक तयार पारेको आरोप छ। सोही जाहेरीका आधारमा प्रहरीले अनुसन्धान अघि बढाएको थियो।

गत जेठ ३१ गते पक्राउ परेका कलवार अदालतको आदेशपछि कारागार पठाइएका छन्। यस प्रकरणमा अर्को रोचक पक्ष पनि बाहिरिएको छ।

२०८० जेठ २८ गते मेची-महाकाली बुहारी संयुक्त आवाजले चन्द्रपुर नगरभित्रका विभिन्न वडामा वितरण गर्ने सिरक-डसनाका लागि कलवार सञ्चालक रहेको साह वस्त्रालय बाट करिब १० लाख रुपैयाँ बराबरको सामग्री खरिद गरेको थियो। संस्थाले भुक्तानीका लागि १० लाख रुपैयाँको चेक दिएको भए पनि कलवारले त्यसले मात्र नपुग्ने भन्दै 'ग्यारेन्टी' का नाममा व्यक्तिको निजी चेकसमेत मागेको थियो।

त्यसक्रममा चन्द्रपुर नगरपालिकाको न्यायिक समितिको रोहबरमा संस्थाकी मधेश प्रदेश संयोजक पूजा पाठकले आफ्नो व्यक्तिगत चेक उपलब्ध गराएकी थिइन्।

पाठकका अनुसार पछि संस्थाको चेकबाट १० लाख रुपैयाँ भुक्तानी भइसके पनि कलवारले व्यक्तिगत चेक फिर्ता नगरी उल्टै दुरुपयोग गर्न थाले। चेक माग्दा "हरायो, केही हुँदैन" भन्दै टार्ने गरेको र केही समयपछि अदालतबाट पत्र आएपछि मात्रै चेकको दुरुपयोग भएको थाहा पाएको भनाइ छ।

त्यसपछि न्यायिक समितिको निर्णयसमेत प्रमाणका रूपमा संलग्न गर्दै पाठकले पनि जिल्ला अदालत रौतहटमा मुद्दा दायर गरेकी थिइन्।

चन्द्रनिगाहपुर क्षेत्रमा कलवारको नाम यसअघि पनि कथित 'मिटरब्याजी व्यापारी' का रुपमा पटक-पटक जोडिँदै आएको थियो। पछिल्लो अदालतको आदेशसँगै ती आरोप अब औपचारिक कानुनी परीक्षणको चरणमा प्रवेश गरेका छन्।

यद्यपि, कानुनअनुसार अदालतबाट अन्तिम फैसला नभएसम्म कुनै पनि अभियुक्तलाई दोषी ठहर गर्न मिल्दैन। अहिलेको आदेश अनुसन्धान तथा मुद्दाको सुनुवाइ प्रभावकारी बनाउनका लागि पुर्पक्षमा थुनामा राख्ने प्रकृतिको मात्रै हो।

रौतहटमा पछिल्ला समय मिटरब्याज र अनुचित लेनदेनविरुद्ध पीडितहरू सडकदेखि अदालतसम्म संघर्षरत रहेका बेला चर्चित व्यापारीलाई कारागार पठाउने अदालतको आदेशलाई धेरैले अर्थपूर्ण रूपमा हेरेका छन्।

अब सबैको नजर अन्तिम फैसलातर्फ केन्द्रित भएको छ। रामबाबु साह कलवार भारतीय नागरिकताधारी समेत रहेको आरोप लाग्दै आएको छ।

## सरकार-मिटरब्याज....

मिटरब्याजविरुद्ध किसान-मजदुर आन्दोलनका प्रतिनिधिहरू सहभागी थिए।

आन्दोलनकारीहरूले आफ्ना माग सम्बोधन नभएसम्म आन्दोलनका कार्यक्रम जारी रहने स्पष्ट पारेका छन्। उनीहरूले शुक्रबारको वार्ताबाट ठोस सहमति हुने अपेक्षा व्यक्त गरेका छन्।

**औषधि प्रयोग गर्दा ध्यान दिऔं**

- मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं।
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं।
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं।
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं।
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं।

सिरहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सिरहा
मधेश प्रदेश, सिरहा (नेपाल)